राष्ट्रिय प्रकृति संरक्षण कोष
खुमलटार, ललितपुर ।

# सवारी साधनहरू लिलाम बिक्रीका लागि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०८/१७

राष्ट्रिय प्रकृति संरक्षण कोषमा मौज्दात रहेका लिलाम बिक्री गर्नुपर्ने सवारी साधन (गाडी र मोटरसाइकल)हरू जे जस्तो अवस्था छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, सस्था वा कम्पनीले देहायका शर्तहरूको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) इच्छुक बोलपत्रदाताहरूले राष्ट्रिय प्रकृति संरक्षण कोष, खुमलटार, ललितपुरको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२) इच्छुक बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मिति देखि २०८२/०९/०८ गतेसम्म कार्यालय समयभित्र चालू आर्थिक वर्षको नवीकरण गरेको फर्म दर्ता प्रमाणपत्र वा इजाजतपत्र, मु.अ. करमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्र वा कर दाखिलाको म्याद थप पत्रको प्रमाणपत्रको प्रतिलिपिहरू निवेदनसाथ संलग्न राखी सम्बन्धित पदाधिकारीको दस्तखत र कोषको छाप लागेको सिलबन्दी बोलपत्र फाराम रु. २,०००।- (दुई हजार) फिर्ता नहुने गरी तिरी कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर र सदर चिडियाखाना, जावलाखेल, ललितपुरबाट खरिद गर्न सकिनेछ ।

३) बोलपत्र प्रथम पटक प्रकाशित भएको मिति देखि २०८२/०९/०९ गतेसम्म दिनको १२ बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।

४) कोषमा दर्ता भएको बोलपत्रहरू मिति २०८२/०९/०९ गते दिनको २:३० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कोषमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सर्म्पक राख्नुपर्नेछ ।

६) बोलपत्रदाताले बोलपत्रसाथ जमानतबापत आफूले कबोल गरेको दररेट अनुसार कुल रकमको १०% (प्रतिशत)ले हुन आउने एकमुष्ट रकम स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल, बानेश्वर, काठमाडौंमा राष्ट्रिय प्रकृति संरक्षण कोषको नाममा रहेको **खाता नं. ०१०००२७५५०३** मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० (नब्बे) दिन म्याद भएको बैङ्क जमानत (विड वण्ड) पेश गर्नुपर्नेछ । यदि धरौटीबापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर वा बैङ्क जमानत पेस नगरेमा बोलपत्र रद्द हुनेछ ।

७) आवश्यक कागजातहरू नभएको, रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, बोलपत्र सिलबन्दी लाहाछाप भई नआएको, तोकिएको ढाँचामा नभएको, बोलपत्रदाता वा सोको प्रतिनिधिको सही तथा छाप नभएको, केरमेट गरी दस्तखत नभएको र अधुरो किसिमले भरिएको र न्यूनतम मूल्यभन्दा घटी अङ्कित भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन । साथै सिलबन्दी बोलपत्रको खाम बाहिर फर्म, कम्पनी वा संस्थाको नाम, ठेगाना लेखी छापसमेत लगाउनुपर्नेछ ।

८) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोलगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

९) बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत वा सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार यस कोषको केन्द्रीय कार्यालयसँग सुरक्षित रहनेछ ।

१०) लिलाम समितिले निर्धारण गरेको सम्पूर्ण सवारी साधनहरूको न्यूनतम मूल्य रु. १३,०८,०००/- (अक्षेरुपी तेह्र लाख आठ हजार रुपियाँ) मात्र कायम गरिएको छ ।

११) कोषको केन्द्रीय कार्यालयको समय बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सोमबारदेखि शुक्रबारसम्म र सदर चिडियाखानाको कार्यालय समय बिहान १० बजेदेखि ४ बजेसम्म आइतबारदेखि शुक्रबारसम्म हुनेछ ।

१२) यो सूचनामा उल्लेख हुन छूट भएका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

दुर्गाहरि भट्टराई
वरिष्ठ प्रशासकिय अधिकृत